# दोगडाकेदार गाऊँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७

## (नमुना मस्यौदा)

मस्यौदा तयार गर्न सहयोग गर्नेः राष्टिय दलीत नेटवर्क (**RDN**) नेपाल

**सहयोगः**

**साँझेदारहरुः**

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

**समावेशी फाउण्डेसन**

**संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिबृद्धी परियोजना/युएनडिपी**

**परामर्शदाताः** चित्रा पनेरु, धनगढी कैलाली, सम्पर्क नं. ९८४८४२५१३४ (मोवाईल)

# दोगडाकेदार गाऊँपालिका बैतडीको
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७

### १.भुमिका
नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडी परेका वा पारिएका समुहहरूको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समुहहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, बालबालिकाहरू, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ । .

स्थानीय स्तरमा रहेका सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घर-परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरूमा वञ्चितीकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ । त्यसै गरी लैङ्गिक सम्बन्धहरूसबै सामाजिक समुहहरूमा भिन्न-भिन्न परिमाणमा विभेदहरु विद्यमान रहेका छन् । सबै महिलाहरूले विभेद भोगिरहेका छन् तर वञ्चित समुदायका महिलाहरूले अझ धेरै प्रकारका विभेद भोगिरहेका छन् ।

दोगडाकेदार गाऊँपालिका पनि एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक युक्त नगर हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै नगरमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ भन्ने मान्यतामा नगरपालिका पूर्ण विश्वस्त छ । .

गाऊँपालिकामा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न, नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै स्थानीय सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् । नेपालको संविधान, २०७२ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति उल्लेख गरेको छ । जहाँ महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न समावेशी र लोकतान्त्रिक व्यवस्था अवलम्बन गरिनेछ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने लक्ष लिइएको छ ।.

नेपालको संविधान २०७२ अनुसार राज्यको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने (धारा ५६) र राज्यशक्तिको बाँडफाँट तीनवटै तहमा रहने व्यवस्था गरेको छ । संविधानको अनुसुचीमै स्थानीय तहलाई एकल र साझा अधिकारहरु प्रष्ट रुपमा उल्लेख गरिदिएको छ । आफ्नो अधिकार क्षेत्रभित्र रही नीति तथा कानुन बनाउने र कार्यान्वयन गर्ने अधिकार पनि स्थानीय तहलाई दिएको छ ।

संविधान र कानुनकायी विविध तथ्यहरुलाई मध्यनजर राखी नगरपालिकाले महिला, दलीत,बालबालिका लगायत पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न प्रयास गरिरहेको

छ । अतः दोगडाकेदार गाऊँपालिका क्षेत्रभित्र संचालन हुने कार्यक्रम/आयोजनाहरुको लागि मार्गदर्शन हुने गरी यस नगरपालिकाले मुख्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्धेश्यले यो नीति जारी गरेको छ । यस नीतिका प्रमुख उपयोगकर्ताहरू नगर भित्र रहेका सबै सरकारी, गैरसरकारी निकाय र दातृ निकायको सहयोगमा संचालन भएका कार्यक्रम र समुदायस्तरका संस्थाहरू हुनेछन

**विषय र प्रशगंले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१."लैङ्गिक"भन्नाले समाज र सँस्कृतिको आधारमा निर्धारण गरिएको वर्ग क्षेत्र समुदायका महिला,पुरुष तथा तेश्रो लिङ्गिहरुहरु बिचको भुमिकालाई सम्झनुपर्दछ ।

२. संविधान भन्नाले नेपालकोसंविधान २०७२सम्झनु पर्दछ ।

३."स्थानिय तह " भन्नाले दोगडाकेदार गाऊँपालिका गाऊँ कार्यपालिका लाई सम्झनु पर्छ ।

४.सिमान्तकृतहरुको अधिकार भन्नाले संबिधान बमोजिम प्राप्त गर्न पाउने मौलिक अधिकारहरु सम्झनु पर्नेछ यस अर्न्तगत गास,बास,कपास,शिक्षा,स्वास्थ्य र सुरक्षाको अधिकार आदि ।

५. महिला हिंसा भन्नाले महिलाहरु प्रति गरिने मानसिक ,शारिरिक हिंसा सम्झनु पर्दछ ।

६.जातीय बिभेद भन्नाले जातको आधारमा गरिने भेदभावलाई सम्झनु पर्दछ ।

७.लैगिक बिभेद भन्नाले लिंगका आधारमा महिला पुरुष विच गरिने भेदभाव सम्झनु पर्दछ ।

८. यो कार्यविधी २०७५ गाऊँ कार्यपालिका बाट स्विकृत भई लागुगरिने छ र उक्त कार्यविधि लाई आगामि दिनमा बस्ने गाऊँ सभाबाट अनुमोदन गरीनेछ ।

**२.दीर्घकालीन सोंच**(Vision)

दोगडा गाऊँपालिकामा जातीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**३.लक्ष्य** (Goal)

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्युनीकरणका साथै सामाजीक न्याय स्थापीत गर्ने ।

**४.उद्देश्य**

४.१. दोगडाकेदार गाऊँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक संस्थागत संरचनाहरुलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

४.२. संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी वजेट अवधारणालाई गाऊँपालिकाको कार्यक्रम/आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने ।

४.३. महिला,दलीत,अपांग, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

४.४. गाऊँपालिकाको वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी र जफावदेही बन्न मार्गनिर्देश गर्ने ।

४.५. नागरिकहरु विशेष गरी महिला, दलीत,अपांग,तेश्रो लिंगी,बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुको नगरको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई गाऊँपालिकाको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ ।

**५.प्रमुख नीतिहरु**

दोगडाकेदार गाऊँपालिकको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७ को प्रमुख नीतिहरु देहाय अनुसार रहेको छ ।

५.१. मौलिक हकमा उल्लेखित नागरिकका हकहरुलाई नगरवासीहरुको पहुँचमा पुर्‍याउनेगरी कार्यान्वयन गरिनेछ ।

५.२. पछाडि परेका वर्ग, समुदाय र क्षेत्रका नागरिकहरुको विकासमा पहुँच पुग्ने गरी कार्यक्रमहरु निर्माण गर्ने र प्रभावकारी कार्यान्वयनका माध्यमबाट समानुपातिक विकास गरिनेछ ।

५.३. विकासलाई सामाजिक समावेशीकरण एबं लैङ्गिकिकरण गरिदै लगिनेछ ।

५.४. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मुस्लीम,उत्पीडित एबं विपन्न वर्ग तथा अपाङ्गता भएका नागरिकहरुको समानुपातिक सहभागितामा कार्य गरिनेछ ।

५.५. महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मुस्लिम, विपन्न तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।

५.६. महिला, बालबालिका, दलीत,अपांग,आदिबासी जनजाति लगायत सिमांन्तकृतहरुको मानबअधिकारको क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणालाई स्थानीयकरण गर्न सोका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.७. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.८. सबै नागरिकको अर्थपूर्ण सहभागितामा यस नगरपालिकाको समावेशी विकास गर्ने नीति अख्तियार गरिनेछ ।

५.९. वालमैत्री स्थानीय शासन अबलम्बन गरिनेछ ।

५.१०. आदिवासी जनजाती, .दलित समुदाय पिछडावर्गका भाषा तथा संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

## ६.रणनीति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा गाऊँपालिकको कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

गाऊँपालिकाको शासन प्रकृयामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछन्

६.१. स्थानीय शासन प्रक्रियामा सबै समूहका नागरिकहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य निर्धारण गर्ने ।

६.२. पालिका क्षेत्रमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु (टोल विकास संस्था, महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) को परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने ।

६.३. बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी नगरपालिकामा समावेशी विकास पक्रियालाई संस्थागत गर्ने ।

६.४. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

६.५. गाऊँपालिका सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

६.६. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको  पुनरावलोकनमा जोड दिने ।

६.७. गाऊँपालिकाका लागि उपयुक्त सहयोग प्रदान गर्न केन्द्रीय सरकार, प्रदेश सरकारसँग नियमित वहश पैरवी र समन्वय गर्ने ।

## ७.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन व्यवस्था

### क.कानुनी व्यवस्था

गाऊँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि देहायका विषयमा कानुनी व्यवस्था गरिनेछ ।

१. गाऊँपालिकाको विषयगत समिति कार्यसञ्चालन कार्यविधि

२. टोल विकास समिति परिचालन कार्यविधि

४. उपभोक्ता समिति परिचालन कार्यविधि

४. गाऊँपालिका स्तरीय महिला,अपाङ्ग,जेष्ठ नागरिक सञ्जाल परिचालन कार्यविधि

५. वालमैत्री स्थानीय शासन अवलम्बन कार्यबिधि

### ख.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि संस्थागत संरचना, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त

दोगडाकेदार गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न देहाय बमोजिमका संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गरिनेछ ।

**क. वस्ती/टोल स्तर**

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| टोल विकास/सुधार समिति | प्रत्येक वडामा टोल-टोलका सबै घर-परिवारहरूलाई समेट्ने गरी टोल तहको सामुदायिक संस्था गठन गरिनेछ । टोल विकास संस्था विद्यमान भएको टोलमा सोलाई नै सुदृढ गर्दै लगिनेछ र नभएको टोलमा नयाँ गठन गरिनेछ ।<br>टोल विकास संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिलाको सहभागिता रहने गरी समाबेसीताको आधारमा समिति निर्माण हुनेछ ।<br>अन्य व्यवस्था टोल विकास संस्था परिचालन कार्यविधिले निर्धारण गरे बमेजिम हुनेछ । | गाऊँपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन लगायतका क्रियाकलापहरुमा संस्थागत सहभागिता |
| वाल क्लब गठन ( विद्यालय स्तरमा) | माध्यमिक विद्यालयमा विद्यालय स्तरीय वाल क्लब गठन गरिनेछ । वाल क्लब गठन र परिचालन सम्बन्धी व्यवस्था वालमत्री स्थानीय शासन अवलम्बन ढाँचा (फ्रेमवर्क) ले तोके बमोजिम हुनेछ । | वालवालिकाको सर्वाङ्गिण विकासको लागि वाल क्लवको परिचालन, वालवालिकाको सर्वाङ्गिण विकासको लागि नीति निर्माण र कार्यक्रम तर्जुमामा वडा मार्फत आवाज उठाउने । |
| महिला समुह गठन | बिभिन्न टोलहरुमा सक्रिय महिला समुह गठन तथा परिचालन गरिनेछ । टोलमा उपलब्ध सबै जातजाती,बर्ग समुदायका महिलाहरुको सहभागीता हुनेगरि समुह गठन गरिने र सो को परिचालन कार्यबिधि बनाइने छ । | महिला बिरुद्ध हुने सबै प्रकारका हिंशा न्यूनिकरण तथा सचेतीकरणका माध्यमबाट महिला शसक्तीकरणबारे पहल गर्ने । |

**ख. वडास्तर**

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| टोल विकास वडा सञ्जाल | वडाभित्र रहेका सबै टोल विकास समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षहरु सम्मिलित समिति | वडाभित्रका सबै टोल विकास समितिहरुको सञ्जालको रुपमा नीति निर्माण, समस्या पहिचान र समाधानमा भुमिका खेल्ने |
| वडास्तरिय वाल सञ्जाल | वडाभित्र रहेका विद्यालहरुमा रहेको बालक्लवमा आवद्ध वालवालिकाहरुको प्रतिनिधिमुलक रुपमा | वडाभित्र रहेका वालक्लवहरुको क्षमता अभिबृद्धि गर्ने, |

| | | |
|---|---|---|
| | वडा स्तरमा वडा वाल सञ्जाल रहनेछ। | रचनात्मक कृयाकलापहरु संचालन गर्ने, नीति निर्माणमा बहस पैरवी गर्ने |
| वडास्तरिय महिला सञ्जाल | वस्तीस्तरमा रहेका महिला सामुदायिक संस्था, समुहहरुको प्रतिनिधित्वमुलक सञ्जालको रुपमा वडा महिला सञ्जाल रहनेछ। | वडाभित्रका महिला सामुदायिक संस्था/समुहहरुको क्षमता अभिबृद्धि गर्ने, नीति तथा कार्यक्रममा सहभागीता |

**ग.पालिका स्तर**

| संस्थागत संयन्त्र | प्रतिनिधित्व | कार्यक्षेत्र |
|---|---|---|
| गाऊँपालिका स्तरीय सामाजिक न्याय तथा सामाजिक समावेशीकरण निर्देशक समिति | संयोजकः गाऊँपालिका अध्यक्ष<br>उपप्रमुखः सदस्य<br>सामाजिक विकास समिति संयोजकः सदस्य<br>विभिन्न नगर स्तरीय सञ्जालका संयोजकहरु : सदस्य<br>नगरभित्रका सुरक्षा निकायका प्रमुखः सदस्य<br>प्रमुख प्रशासकीय अधिकृतः सदस्य सचिव | नगरभित्र सामाजिक न्याय कायम गर्न र विकास प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीताको सुनिश्चित गर्न आवश्यक स्थानीय कानुन निर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयनको अनुगमन, नियमन, निर्देशन तथा समन्वय सम्बन्धि सम्पूर्ण कार्य निर्देशक समितिले गर्नेछ। |
| गाऊँपालिका स्तरिय सामाजिक विकास समिति | गाऊँ कार्यपालिकाको कुनै सदस्यको संयोजकत्वमा नगरसभाका सदस्यहरु मध्येबाट निर्वाचित सदस्यहरुः सदस्य<br>सामाजिक विकास शाखा प्रमुखः सदस्य सचिव | सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुन तथा कार्यक्रम तर्जुमा, कार्यान्वयनको अनुगमन, समन्वय |
| गाऊँपालिका स्तरिय टोल विकास सञ्जाल | गाऊँपालिकाको टोल/वस्तीहरुमा गठन भएका टोल विकास समितिहरु | नागरिकको आवाज र समस्यालाई योजना तर्जुमा प्रकृयामा, नीति निर्माणमा र कार्यान्वयनमा सहयोग गर्ने र वहश पैरवी गर्ने |
| गाऊँपालिका स्तरिय वाल सञ्जाल | गाऊँपालिका भित्र रहेका वालक्लबहरुको प्रतिनिधिहरु रहेको नगर वाल सञ्जाल रहनेछ। | गाऊँपालिका भित्रका वाल अधिकार, वाल संरक्षण, वाल अधिकार र समग्र वाल अधिकारका क्षेत्रमा पैरवी गर्ने, वालवालिकाको संर्वाङ्गिण विकासमा सञ्जालले सहयोग पुऱ्याउनु। |
| गाऊँपालिकास्तरिय महिला सञ्जाल | नगर भित्र रहेका महिलाहरुको विभिन्न समुह/सामुदायिक संस्थाबाट प्रतिनिधिहरुको सहभागितामा नगर महिला सञ्जाल रहनेछ | महिलाहरुको समग्र विकासमा नगरपालिकालाई नीति निर्माणमा, लक्षित कार्यक्रम तथा योजना तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय गर्ने, वहश र पैरवी गर्ने। |
| गाऊँपालिका स्तरिय फरक क्षमता भएका | गाऊँपालिकाभित्र रहेका सबै प्रकारका फरक क्षमता भएका नागरिकहरुको भेलाले तोकिए | गाऊँपालिमा रहेका फरक क्षमता भएका नागरिकहरुको आवाज बुलन्द |

| | | |
|---|---|---|
| व्यक्तिहरु (अपाङ्ग) समिति | बमोजिम समिति गठन गरिनेछ । | गर्ने, नीति निर्माणमा वहश पैरवी गर्ने र लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्व्यनमा सहयोग र समन्वय गर्ने |

**८.अनुगमन तथा मुल्यांकन :**

गाऊँपालिको रणनीति अनुसार संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरु संगको समन्वय तथा सहकार्यमा अनुगमन मुल्यांकन गरिनेछ । अनुगमन मुल्यांकनका क्रममा प्राप्त सुझावहरुका आधारमा रणनीतिलाई परिमार्जन गर्दै लगिनेछ । साथै तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गरीनेछ ।

**तपशिल :**

- गाऊँपालिका उपाध्यक्ष -संयोजक
- प्रमुख प्रशासकिय अधिकृत -सदस्य
- गाऊँ कार्यपालिकाका महिला, दलित र जनजाती सदस्यहरुबाट ३ जना -सदस्य
- सम्बन्धि क्षेत्रमा काम गर्ने गैससहरुमध्येबाट न.पा.ले मनोनयन गरेको २ जना -सदस्य
- गाऊँपालिका स्तरीय बालसञ्जाल बाट बालिका १ जना -सदस्य
- महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा प्रमुख -सदस्य सचिव

**समाप्त**